# स्नातकोत्तर तहमा पत्रकारिता/आमसञ्चार शिक्षा रत्नराज्य क्याम्पसको अनुभव

लालदेउसा राई

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले आफ्नो ४२ वर्षको इतिहास पार गरेपछि २०५८ पुस २८ का दिन पत्रकारिता र आमसञ्चार विषयलाई पनि स्नातकोत्तर पाठ्य कार्यक्रमको रूपमा स्वीकार्दै पत्रकारिता र आमसञ्चार केन्द्रीय विभाग स्थापना गर्‍यो । यसअघि २०३३ साउन १ मा त्रिविले आफ्नो आङ्गिक क्याम्पस– रत्नराज्य लक्ष्मी क्याम्पसमा प्रवीणता तहको पत्रकारिता पठनपाठन कार्यक्रम सुरु गरेको थियो । त्यसै गरी २०३८ सालमा यसै क्याम्पसमा पत्रकारिता स्नातक तहको कार्यक्रम पनि सुरु गरेको थियो । यी दुवै कार्यक्रम आजसम्म पनि निरन्तर सञ्चालनमा छन् । पाटन संयुक्त क्याम्पसमा सुरु गरिएको दुई वर्षे स्नातक तहको पत्रकारिता कार्यक्रम एकपटक पूर्ण भएपछि फेरि सञ्चालन हुन सकेन । हाल त्रिविले तीनवर्षे स्नातक तहको कार्यक्रम सर्वत्र लागू गरिसकेको छ । यस रत्नराज्य लक्ष्मी क्याम्पसबाहेक अन्य केही आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा पनि पत्रकारिता प्रवीणता प्रमाणपत्र तह र तीनवर्षे स्नातक तहको पठनपाठन सञ्चालन भइरहेको छ ।

त्रिविले १७ वर्षको इतिहास पार गरेपछि पत्रकारिताको विषयलाई प्रवीणता प्रमाणपत्र तह र २० वर्षको इतिहास पार गरेपछि स्नातक तहको पठनपाठनलाई स्थान दिएको पाइन्छ । त्यसै गरी ४२ वर्षको इतिहास पार गरेपछि मात्र स्नातकोत्तर तहको पठनपाठन कार्यक्रम ल्यायो । किन यति ठूलो समयको अन्तरालमा पत्रकारिता र आम सञ्चारको विषयले त्रिविको स्नातकोत्तर तहको उच्च शिक्षा कार्यक्रममा स्थान पायो ? यसको सूक्ष्म विश्लेषण गरी कारणहरू

*मिडिया अध्ययन* १: २२५-२३०, २०६३

पत्ता लगाउनु र प्रकाशमा ल्याउनु यस लेखको उद्देश्य होइन । यति टिप्पणी गर्नु यहाँ मनासिवै होला कि नेपाली समाज, राज्य, सरकार, शिक्षण संस्था तथा शिक्षा क्षेत्रका नीति निर्माताहरूले त्रिविको पाठ्य विषयका कार्यक्रमको योजनालाई विश्वका पब्लिक विश्वविद्यालयका योजनाहरूसँग संयोजन गरी त्रिविलाई विश्व श्रेणीमा उठाउन पर्याप्त प्रयास भएन । यही प्रसङ्गमा थप के भन्न चाहन्छु भने राष्ट्रिय नीति निर्माताहरू, खास गरी शिक्षा क्षेत्रका सरोकारवालाहरूले प्रजातन्त्र र आमसञ्चारबीचको सम्बन्धलाई हृदयङ्गम गरी आमसञ्चारको शिक्षाको महत्त्वलाई विकासोन्मुख मुलुकको सन्दर्भमा बुझिदिने गम्भीरता देखाएनन् । आमसञ्चार भनेको रेडियो, पत्रपत्रिका आदिको अभ्यास हो र पत्रकारिता 'गरिन्छ', 'पढिँदैन' भन्ने सोचले ग्रस्त भइरहे ।

स्नातकोत्तर तह सञ्चालन गर्ने नगर्नेबारे जनशक्ति, समय र स्थानसम्बन्धी वा पूर्वाधारबारे सुनियोजित योजना नै थिएन । यद्यपि यस किसिमको तह सञ्चालन गर्न देशको अभिमत सङ्कलन गरी प्रतिवेदन पेश भएको थियो । देशको यो जनमतले गर्दा यो विभागको स्थापना सम्भव भएको हो । तर जुन उत्साह र अपेक्षाका साथ विभागको स्थापना भएको थियो, त्यो कायम नरहेको महसुस हुन्छ । यसको स्वामित्वमा कुनै भौतिक साधन छैन । हाल रत्न राज्यलक्ष्मी क्याम्पसको परिसरमा अवस्थित भवनको सबभन्दा माथिल्लो (दोस्रो तला) तलामा यस विभागलाई दिइएको स्थान दयनीय अवस्थामा छ । क्याम्पस आफैलाई आफ्नो पत्रकारिता प्रमाणपत्र तह र स्नातक तहका कार्यक्रम सञ्चालन गर्न तथा अन्य विभागहरूका कार्यक्रम सञ्चालन गर्न स्थानाभाव भइरहेको अवस्था अहिले छ । यसले भविष्यमा केन्द्रीय विभागको भौतिक अस्तित्वको जगेर्ना गर्न मुश्किल पर्ने देखाउँछ । विकास विस्तारको त कुरै नगर्दा पनि होला ! मूल कुरो, यस विभागलाई यथाशक्य शीघ्र स्थायी रूप दिन त्रिविले केही कदम चालिहाल्नु पर्छ । ती कदम कस्ता कस्ता हुनुपर्छ भन्नेबारे यस विभागका निर्णय पुस्तिका एवं विषय समितिका निर्णय पुस्तिकामा अभिलेख गरिएका निर्णयहरू सम्बन्धित कार्यालय तथा पदाधिकारीहरूमा पेश भई नै सकेको छ ।

यस विभागको भौतिक अस्तित्व भनेको विभागीय प्रमुख, प्राध्यापक वर्ग, सहायक प्रशासन एक र विद्यार्थीहरूको घुइँचो लाग्ने एउटा १०'×१०' को कोठा हो । अरू पुस्तक तथा कागजात थन्काएको ६'×८' को गाँसिएको कोठा, क्याम्पसभरिमै साझा उपयोगको प्रयोजनको एउटा सभाकक्ष र एक कक्षा कोठा, एक कम्प्युटर कोठा, एक पुस्तक राखिएको कोठा र यससँग गाँसिएको एफएम उपकरण जडान भएको क्याम्पसको कोठा ।

यस विभागको नाममा दरबन्दी सिर्जना भई स्थायी रूपमा नियुक्ति पाएका कुनै उप-प्राध्यापक, सह-प्राध्यापक, प्राध्यापक छैनन् । केवल करारमा एक सह-प्राध्यापक, दुई उप-प्राध्यापक र क्याम्पसमा दरबन्दी भएका तीन उप-प्राध्यापकहरू आंशिक रूपमा यस विभागअन्तर्गत क्रियाशील छन् । प्रशासनतर्फ एकजना सहायक प्रशासक क्याम्पस प्रशासनबाट खटिई आएको छ । पियन, पाले, ल्याब सहायक कोही छैनन् । एकजना कम्प्युटर प्रशिक्षक आंशिक रूपमा आउँछन् । साँच्चै भन्ने हो भने यो विभागको भौतिक साधन र जनशक्ति सबै अस्थायी वा आंशिक रूपमा रहेको छ । कोर्स कन्ट्र्याक्टमा पनि कसैलाई राखिएको छैन । लेखा प्रशासन त शून्य छ । दुई/तीन दराज पुस्तकहरू छन् तर ती व्यवस्थित ढङ्गले सञ्चालन गर्ने जिम्मेवार कर्मचारी छैन । विद्यार्थीहरूको भर्ना चाप बढ्दो छ । सम्पूर्ण क्याम्पस तथा केन्द्रीय विभाग लगायतको विद्यार्थी सङ्ख्या करिब नौ हजार पुग्छ भने, करिब एक हजार विद्यार्थीहरू पत्रकारिता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तह लगायतमा अध्ययनरत् छन् । तर यीमध्ये धेरैजसो विद्यार्थीहरू पनि आंशिक नै छन् र तदनुरूपको व्यवहार पनि उनीहरूमा पाइन्छ । छ/सात ओटा कम्प्युटरहरू छन् । एफएम उपकरण जडान भइसकेको छ । तर यी साधनलाई नियमित रूपमा सञ्चालन गर्ने कुनै प्राविधिक छैन । धेरै वर्षदेखि फोटो पत्रकारिताको पढाइ भइरहेको हुनाले फोटोग्राफीसम्बन्धी एक प्रयोगशाला छ, तर त्यसको सम्भार, मर्मत र दैनिक रूपले सञ्चालन गर्न सहायक प्राविधिक छैन । व्यवस्थापन पक्षमा हेर्दा क्षमताअनुसार भर्ना नहुनु, प्रवेश परीक्षा औपचारिकतामा सीमित हुनु, नियमित कक्षा सञ्चालन नहुनु, पाठ्यक्रमको परिमार्जन समयमा नहुनु, अनुसन्धान र अध्ययन/अध्यापनबीच तालमेल नहुनु आदिले केन्द्रीय विभाग पीडित छ ।

उपेक्षित अवस्थामा रहेको केन्द्रीय विभागबाट सङ्ख्यात्मकभन्दा गुणात्मक आम शिक्षाको अपेक्षा राख्नु कति सान्दर्भिक, जायज वा सही दृष्टि हो भन्ने प्रश्न शैक्षिक वृत्तमा चर्चाकै विषय हुने गरेको छ । तर यस विभागको दयनीय अवस्थाले त्रिविका सबै केन्द्रीय विभागहरूको अवस्थालाई प्रतिबिम्बित गर्छ भन्न खोजिएको होइन । केवल दयनीय अवस्थामा रहेका केन्द्रीय विभागहरूले त्रिवि जस्ता सरकारी अनुदान प्राप्त सार्वजनिक विश्वविद्यालयको नीतिको कार्यान्वयन पक्षको कमजोरीलाई झल्काउँछ भन्न खोजिएको हो । नत्र भने पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागका पाठ्यक्रम त्रिविको सम्बन्धित निकायबाट तर्जुमा भई अनुमोदन भएर लागू भएको हो । यसको ढाँचा तथा पाठ्य विषयवस्तु आदि विश्व बैंकको योजनाअन्तर्गत खटिई आएका विशेषज्ञ सहितको टोलीले निर्माण गरेको तीनवर्षे स्नातक तहको पाठ्यक्रमसँग संयोजन गरी प्राप्त भएको निष्कर्षमा आधारित छ ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकको अवस्थाबारे पुनर्लेखन गरी आवश्यक संशोधन विधिको राम्रो ज्ञान पाउन र अभ्यास गर्न विद्यार्थीले पाउनैपर्छ, साथै सङ्कायका लागि पनि रिसर्च प्रोजेक्ट गर्न पाउने सुविधा हुनैपर्छ। स्नातकोत्तर तहको पाठ्यक्रममा अनुसन्धानसम्बन्धी खण्ड पनि आवश्यक हुन्छ, यसमा विश्वको कुनै पनि विश्वविद्यालयको नीति र कार्यक्रम तथा पाठ्यक्रम हेरे हुन्छ। मास कम्युनिकेसनको विषय अब विज्ञानको विषय जस्तो भइरहेको अवस्था छ। परम्परावादी सोचबाट हटेर सूचना प्रविधिका विभिन्न विधालाई महत्त्वपूर्ण रूपले समावेश गर्नुपर्ने हुनाले तथा समाज विज्ञानका विधालाई पनि उचित स्थान दिनुपर्ने हुनाले आमसञ्चारको यो विषय बहुविधागत भएको छ।

साधन र स्रोतको अभाव तथा आवश्यक विशेषज्ञ, प्राध्यापकहरूको नियुक्ति हुन नसकेकोले यस केन्द्रीय विभागले कम्प्युटर प्रविधि, टेलिभिजन कार्यक्रम उत्पादन वा सूचना प्रविधि जस्ता विषयहरूका लागि पाठ्यक्रम दिन सकिरहेको छैन। स्नातक तहमा तेस्रो वर्षको पाठ्यक्रमअनुसार विद्यार्थीहरूले फोटो पत्रकारिता, मिडिया पत्रकारिता र टेलिभिजन पत्रकारिता गरी तीन ऐच्छिक पत्रमध्ये एउटा रोज्नुपर्ने हुन्छ। तर हालसम्म फोटो पत्रकारिता मात्र पढाउन सकिएको छ। एफएम रेडियोको स्टुडियोको भौतिक निर्माण सम्पन्न भइसकेकोले सरकारबाट अनुमति प्राप्त भएमा शैक्षिक प्रयोजनका लागि एफएम स्टुडियो रत्नराज्य लक्ष्मी क्याम्पसले सञ्चालन गर्नेछ। स्नातकोत्तर तहका विद्यार्थीहरूले पनि यो भौतिक सुविधाबाट लाभ उठाउन सक्नेछन्। यदि केन्द्रीय विभाग रत्नराज्य लक्ष्मी क्याम्पसकै भौतिक सुविधासँग भौतिक रूपले सम्बन्धित नहुँदो हो त स्नातकोत्तर विद्यार्थीहरूका लागि यो एफएम स्टेसनको प्रयोग खास व्यावहारिक हुने थिएन।

स्नातकोत्तर तहको पढाइलाई स्तरीय बनाउन आमसञ्चारको अध्ययन अध्यापनको विषयलाई सरकार, त्रिवि, सिभिल सोसाइटी सबैले राष्ट्रिय महत्त्वको विषय भन्ने मान्यता प्रदान गरी यसलाई एउटा प्रोजेक्टको रूपमा केही अवधिका लागि सञ्चालन गर्नुपर्छ र स्थायित्व दिने प्रयास गर्नुपर्छ। एउटा प्रोजेक्ट प्रस्तावको तयार गरी कार्यान्वयनतर्फ अघि बढ्नुपर्छ। पत्रकारिता तथा आमसञ्चारका पठनपाठनको कार्यक्रम सञ्चालन गर्न ढिलो भइसकेको छ। उच्च माध्यमिक शिक्षा परिषद्ले ९ र १० कक्षामा पत्रकारिताको विषय पठनपाठन गराउन विज्ञ लेखक छनोट गरी, लेखन गराई, पाठ्यपुस्तक तयार गर्नुका साथै स्वीकृति प्रदान गरी प्रयोगमा ल्याइसकेको छ। तर त्रिविका सम्बन्धित निकायहरूबाट यस किसिमको कार्य अहिलेसम्म भएको छैन।

अध्यापन र अनुसन्धानको विषयलाई खास गरी स्नातकोत्तर तहको अध्ययन अध्यापन हुने शिक्षण प्रतिष्ठानहरूबीच घनिष्ठ रूपले सम्बन्धित गराई प्राज्ञिक कार्यक्रम सञ्चालन गरिएको हुन्छ । त्रिविले पनि यस पद्धतिलाई हृदयङ्गम गरी अनुसन्धानको पक्षलाई विशेष संस्था वा केन्द्रकै रूपमा स्थापना गरेको छ । तर त्रिवि केन्द्रीय विभाग र यी केन्द्रहरूबीच कार्यगत रणनीति नबनेको अवस्थामा स्नातकोत्तर तहमा विभाग र केन्द्रहरूबीच कुनै ठोस कार्य सञ्चालन हुन सकेको छैन । यद्यपि अनुसन्धान र अध्यापनबीचको सम्बन्धलाई त्रिविले मान्यता प्रदान गरेको छ ।

पत्रकारिता र आमसञ्चारको प्राज्ञिक विषय क्रमशः 'इन्टरडिसिप्लिनरी' हुँदै जाने अवस्था आइसकेको छ, खास गरी नयाँ सूचना प्रविधि, विश्वव्यापीकरणको प्रक्रिया र विभिन्न सामाजिक परिवर्तनका कारणले गर्दा । तर दक्ष जनशक्ति र प्रयोगशालाको अभावको कारण त्रिविले यस्तो विषयलाई लागू गर्न सकेको छैन । एफएम प्रयोगशालाको सञ्चालन प्राविधिक कारणले हुन सकेको छैन तर यसबाट मुलुकको सामुदायिक सञ्चार विकास कार्यक्रमलाई उपलब्धिमूलक बनाउन तथा यसमा तालिम प्राप्त विद्यार्थीहरूले रोजगार पाउने प्रशस्त अवसरहरूबाट वञ्चित हुनुपर्ने छैन ।

यस्तो पाठ्यक्रम सही शैक्षिक वातावरणमा कार्यान्वयन गर्न पर्याप्त अनुभवी दक्ष र समर्पित जनशक्ति तथा कुशल प्रशासक पाएमा त्रिविले पनि एउटा सार्वजनिक विश्वविद्यालयको हकमा विश्व श्रेणीमा पुग्न छिमेकका विश्वविद्यालयहरूसँग प्रतिस्पर्धात्मक वातावरणमा विश्वस्त भएर होड गर्न सक्थ्यो । विज्ञान र प्रविधि वा व्यवस्थापन शिक्षाको क्षेत्रमा त्रिवि छिमेकका अरू विश्वविद्यालयहरूभन्दा कम नहोला, तर मानविकी समाजशास्त्र अन्तर्गतका विभागहरूमा सुधार हुनुपर्ने थुप्रै कुराहरू छन् । पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागका लागि जनशक्ति, प्रविधि र भौतिक सुविधा जुटाउन गाह्रो छैन । उपयुक्त व्यवस्था गरिने हो भने दक्ष, योग्य, इमान्दार प्राध्यापकहरूको दक्ष कोर समूह निर्माण सजिलै गर्न सकिन्छ ।

योग्य शिक्षकहरूका लागि सेवा अवसर खुला गरिदिन त्रिविले आमसञ्चार शिक्षाप्रति संवेदनशील भएर उचित कदम चाल्ने हो भने दक्षिण एसियामा पब्लिक युनिभर्सिटीको राम्रो नमुना प्रस्तुत गर्न त्रिविलाई धेर समय लाग्ने छैन । अझ भनौं, एसियाकै दुई महान् देशहरू नयाँ सूचना प्रविधिबाट लाभान्वित भई शिक्षाको क्षेत्रमा पनि क्रान्तिकारी परिवर्तनतर्फ उन्मुख छन् भने, विश्वका एक सयभन्दा बढी विश्वविद्यालयसँग औपचारिक सम्बन्ध कायम राखेको त्रिविको

विश्वव्यापीकरणको लहर एवं क्षेत्रीयकरणको वातावरणलाई आत्मसात गर्दै आमसञ्चारको शिक्षा क्षेत्रमा सजीव र सक्रिय भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरो बिर्सनु हुँदैन । साँच्चै भन्ने हो भने त्रिविका सम्पूर्ण सरोकारवालाहरूका लागि पत्रकारिता र आमसञ्चार विभागको दयनीय अवस्था एक्काइसौँ शताब्दीको 'वेक अप कल' नै हो भन्ने बुझ्नुपर्छ ।